प्रदेश सरकार

लुम्बिनी प्रदेश

# शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय

## उच्च शिक्षा महाशाखा

मुकाम बुटवल, नेपाल

पत्र संख्याः ०७८/०७९

चलानी नं.:

मितिः २०७८।१२।०१

**सामुदायिक क्याम्पसको सहकार्यमा गरिने अनुसन्धान कार्यक्रमका लागि अनुसन्धान प्रस्ताव स्वीकृत गरिएको सम्बन्धी सूचना।**

शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालयको आर्थिक वर्ष २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सामुदायिक क्याम्पसको सहकार्यमा अनुसन्धान कार्यक्रमका लागि प्रकाशित सूचना अनुसार प्राप्त अनुसन्धान प्रस्तावहरु मध्ये तपसिलको अनुसन्धान क्षेत्र र कार्यदिशमा आधारित रही अनुसन्धान कार्य सञ्चालन गर्ने गरी यस मन्त्रालयको मिति २०७८।११।३० को निर्णयानुसार तपसिल बमोजिमका अनुसन्धान प्रस्तावहरु स्वीकृत गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

२०७८/१२/०१

विष्णु प्रसाद पन्थी

शाखा अधिकृत

तपसिल

क. अनुसन्धान प्रस्ताव र कार्यक्षेत्र

| क्रस | अनुसन्धान शीर्षक | जिल्ला | अनुसन्धानकर्ता/क्याम्पस | अनुसन्धान कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | विद्यालयमा सामाजिक परीक्षणको अवस्था, समस्या र समाधानका उपायहरु | प्युठान | स्वर्गद्वारी बहुमुखी क्याम्पस प्युठान | कम्तीमा दुइ पालिकाका १५ विद्यालय |
| २ | सामुदायिक विद्यालयमा मातृभाषामा शिक्षाको अवस्था, समस्या र समाधानका उपायहरु | पाल्पा | शहिद बहुमुखी क्याम्पस पाल्पा | जिल्लाभर |
| ३ | विद्यालय शिक्षामा छात्रवृतिले पारेको प्रभाव, समस्या र समाधानका उपायहरु | रुकुम पूर्व | सिस्ने बहुमुखी क्याम्पस रुकुमपूर्व | कुनै एक पालिका |
| ४ | मदरसा विद्यालयमा विद्यार्थीको कक्षा छाड्ने अवस्था, यसको प्रभाव, समस्या र समाधानका उपाय | बाँके | ज्ञानोदय बहुमुखी क्याम्पस खजुरा | जिल्लाभर |

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय

## उच्च शिक्षा महाशाखा

मुकाम बुटवल, नेपाल

पत्र संख्याः ०७८/०७९

चलानी नं.:

| | | | | |
|---|---|---|---|---|
| ५ | सामुदायिक क्याम्पसबाट उत्पादित मानवस्रोतको रोजगारीको अवस्था अध्ययन | रुपन्देही | पर्रोहा बहुमुखी क्याम्पस रुपन्देही | जिल्लाभर |
| ६ | अभिभावक शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभावको अध्ययन | कपिलवस्तु | सिद्धार्थ बहुमुखी क्याम्पस वाणगंगा कपिलवस्तु | जिल्लाभर |
| ७ | कक्षा ७ को गणित र विज्ञान विषयको नतिजा विश्लेषण | गुल्मी | रेसुङ्गा बहुमुखी क्याम्पस गुल्मी | कुनै एक पालिका |
| ८ | सामुदायिक विद्यालयमा विद्यार्थीको कक्षा छाड्ने अवस्था, समस्या र समाधानका उपायहरु | रोल्पा | नव नेपाल क्याम्पस त्रिवेणी ५ रोल्पा | कुनै एक पालिका |
| ९ | स्थानीय तहको शिक्षाको अधिकारक्षेत्रको कार्यान्वयन अवस्थाको अध्ययन तथा विश्लेषण | दाङ | सिद्ध रत्ननाथ क्याम्पस नारायणपुर दाङ | जिल्लाभर |
| १० | सामुदायिक विद्यालयका शिक्षकहरुमा कार्य उत्प्रेरणाको अवस्था र यसले कार्यसम्पादनमा पारेको प्रभावको अध्ययन | अर्घाखाँची | पाणिनी बहुमुखी क्याम्पस सन्धिखर्क, अर्घाखाँची | जिल्लाभर |
| ११ | प्राविधिक शिक्षामा छात्राको पहुँचको अवस्था, समस्या र समाधानका उपाय | नवलपरासी | महाकवि देवकोटा क्याम्पस सुनवल | जिल्लाभर |

ख. कार्यादेश **(Terms of Reference (TOR))**

१. यस मन्त्रालयबाट जारी गरिएको सामुदायिक क्याम्पसको सहभागितामा गरिने अनुसन्धान विधि सम्बन्धी संक्षिप्त कार्यविधिमा आधारित रहेर अनुसन्धान गर्नुपर्नेछ।

२. अनुसन्धान तोकिएको कार्यक्षेत्रसँग सम्बन्धित रहेर गर्नुपर्नेछ। अनुसन्धानको विषय र प्रकृतिका आधारमा तोकिएको कार्यक्षेत्रका साथै आवश्यकता र औचित्यताका आधारमा सम्बन्धित जिल्लाको थप अर्को स्थानीय तहलाई समेत कार्यक्षेत्रमा समावेश गरी अनुसन्धान गर्न सकिनेछ।

पत्र संख्याः ०७८/०७९

चलानी नं.:

३. अनुसन्धान कार्यको समयसीमा अनुसन्धान प्रस्ताव स्वीकृत भएपछि ३ महिनाको हुनेछ ।

४. अनुसन्धान कर्ताले अनुसन्धान कार्यको सुरुमा कार्य प्रारम्भ प्रतिवेदन पेश गर्नुपर्नेछ।

५. सुरुवाती तथ्याङ्क सङ्कलनमा देखिएका कुराहरुलाई समेटेर सुरुवाती प्रतिवेदन पेश गरेपछि अनुसन्धान कर्तासँग कार्यसम्पादन संझौता गरिने छ । सुरुवाती प्रतिवेदन प्रस्तुत गर्दा, विधि, साधन र कार्य योजना, सान्दर्भिक फोटोहरु तथा भिडियोहरु र ड्राफ्ट रिपोर्टसँगै पेश पर्नु पर्नेछ ।साथै सुरुवाती प्रतिवेदनमा अनुसन्धान प्रस्तावको सम्बन्धमा मूल्याङ्कन समितिबाट दिइएका सुझाव तथा पृष्ठपोषण समेत संलग्न गर्नुपर्नेछ।

६. अन्तिम प्रतिवेदन पेश गर्नुभन्दा ३ हप्ता पहिले शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालयमा मस्यौदा प्रतिवेदन पेश गर्नुपर्नेछ । मस्यौदा प्रतिवेदनमा दिइएका सुझाव तथा पृष्ठपोषणलाई समेटेर अन्तिम प्रतिवेदन तयार गर्नु पर्नेछ ।

७. अन्तिम अध्ययन प्रतिवेदन कम्तिमा १० प्रति राम्री प्रिन्ट गरी वाइन्डिङ गरेको रुपमा र सफ्ट कपी पेनड्राइभमा उपलब्ध गराउनुपर्नेछ । यसरी दिइने अन्तिम प्रतिवेदनले यस अगाडि छलफल तथा पृष्ठपोषण दिइएका वर्कशपहरुको सुझावहरुलाई समेत समेटेको हुनु पर्नेछ ।

८. अन्तिम प्रतिवेदन अङ्ग्रेजी वा नेपाली भाषामा हुनुपर्ने छ र अनुसन्धानमा प्रयुक्त साधनहरु नेपाली भाषामा हुनुपर्ने छ । नेपाली बाहेक अन्य भाषामा गर्न चाहेमा मन्त्रालयबाट अनुमति लिनु पर्नेछ ।

९. कार्ययोजना अनुसार सञ्चालित अनुसन्धान कार्यको शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयबाट समय समयमा अनुगमन निरीक्षण हुनेछ ।

१०. अनुसन्धानमा प्रयोग हुने आबश्यक जनशक्ति तथा योग्यता निम्नानुसार हुनु पर्नेछः

क. टिम लिडर /अनुसन्धान संयोजक १ जना

- कुनै विषयमा स्नातकोत्तर गरी अनुसन्धान मूल्याङ्कन र अनुगमनमा ५ वर्षको अनुभव भएको ।
- तोकिएको विषयमा अनुसन्धान साधनहरुको निर्माण तथा अनुसन्धान मूल्यमा मान्यता तथा नीतिहरुमा सक्षम हुनुपर्नेछ ।
- प्रष्ट संचार सीप भएको हुनुपर्ने छ।
- समुहलाई सही मार्गदर्शन समन्वय तथा नियन्त्रण समेत गर्न सक्नुपर्नेछ ।
- अनुसन्धानका क्रममा अनुसन्धानको क्षेत्रहरु सबै समेट्न सक्ने तथा भावनामा नबहकिने हुनुपर्दछ ।

ख. अनुसन्धान टीमका सदस्यहरु (३ जना)

- कुनै विषयमा स्नातकोत्तर गरी अनुसन्धान मूल्याङ्कन र अनुगमनमा २ वर्षको अनुभव भएको हुनुपर्ने छ ।
- तोकिएको विषयमा अनुसन्धान साधनहरुको निर्माण तथा प्रयोगमा सक्षम हुनुपर्ने छ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश

# शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय

**उच्च शिक्षा महाशाखा**
**मुकाम बुटवल, नेपाल**

पत्र संख्याः ०७८/०७९
चलानी नं.:

- अनुसन्धानका मापदण्डहरुलाई पुर्णत पालना गर्ने हुनुपर्ने छ ।

ग. अनुसन्धान कार्यमा सम्बन्धित क्याम्पसमा अध्ययनरत कम्तीमा तीन जना विद्यार्थीलाई समेत सहभागी गराउनु पर्नेछ।

११. ड्राफ्ट तयार भए पछि फिडंब्याक लिन गरिएको वर्कशपको हाजिरी समेत पेश गर्नु पर्नेछ ।
१२. सूचना सङ्कलनमा पाइएको डाटा एक्सेल सीटमा उपलब्ध गराउनु पर्नेछ ।
१३. अध्ययन प्रतिवेदनको सम्पुर्ण कपिराइट शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालयमा रहने छ । यसमा प्रयुक्त सूचनाहरुको पूर्ण वा आंशिक रुपमा प्रयोग तथा उद्धरण गर्न सकिनेछ ।
१४. शोधपत्र २५,००० देखि ३०,००० शब्द सीमाभित्र तयार हुनुपर्नेछ ।
१५. अन्य कुराहरूः

- Margin: दायाँ वायाँ १.२५ देखि १.५० इन्च, शिरमा र पुच्छरमा १ इन्च छोड्नुपर्ने छ ।
- Header footer Margin: (पेज नम्बरको लागि) Header र Footer दुवैमा ०.५ इन्च छोडनुपर्नेछ ।
- Font Type: Times New Roman वा Arial वा नेपाली कालिमाटी युनिकोड
- Font Size: Body Text लेखाइमा Times New Roman मा 12 point वा Arial मा 10 Point र नेपाली कालिमाटी युनिकोड भए ११ Point
- Major Heading: यसको Font Size Body Text भन्दा 4 point ठूलो, Bold / UPPER CASE मा हुनुपर्नेछ ।
- Sub Headline: यसको Font Size Body Text भन्दा 2 point ठूलो र Bold हुनुपर्नेछ
- Line Spacing: Body Text को लागि 1.5 Line Spacing राख्नुपर्नेछ ।
- Footnote : यसको Font Size Body Text भन्दा 2 point सानो हुनुपर्नेछ ।
- Footnote Line Spacing: Single (Default)
- Paragraph Spacing: Double

१६. शोधपत्रको लिखित ढाँचा तोकेको मापदण्डअनुसार नभएमा शोधपत्र अस्वीकृत हुनेछ । यसरी शोधपत्र अस्वीकृत भएपछि शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालयले सम्झौता वमोजिमको रकम भुक्तानी गर्न वाध्य हुनेछैन।
१७. यसैसाथ संलग्न लागत इस्टिमेट अनुसार खर्च गरी तोकिए अनुसारका अनुसन्धान प्रतिवेदन पेश गरेपछि नियानुसार रकम भुक्तानी गरिनेछ।